# सूर्य गिरफ्तार सङ्ग्रहका कवितामा किरात सभ्यता

धनप्रसाद सुवेदी, पिएचडी
पाटन संयुक्त क्याम्पस, पाटनढोका, ललितपुर

**लेखसार**

*प्रस्तुत अध्ययन विष्णु राईको सूर्य गिरफ्तार (२०७७) कविता सङ्ग्रहमा सङ्ग्रहीत कवितामा किरात सभ्यताको चित्रणमा आधारित छ । नेपालको प्राचीनकालको शासक किरात जाति १ नं. प्रदेशको प्रमुख जाति हो । यस जातिको आफ्नै इतिहास, परम्परा, संस्कार, संस्कृति र भाषा रहेको छ । राईको यस सङ्ग्रहमा सङ्ग्रहीत केही कवितामा किरात जातिका इतिहास, संस्कृति, परम्परा, संस्कार र विश्वास आदिसँग सम्बन्धित बिम्ब, प्रतीक र मिथकको प्रयोग गरिएको छ । यस सङ्ग्रहका कवितामा किरात सभ्यताका चौतारो संस्कृति, युद्धमा किरात योद्धाहरूका बहादुरी, किरातहरूको मुख्य भूमिका रूपमा रहेका विभिन्न स्थान र तीसँग जोडिएका सन्दर्भहरू, जन्म-मृत्यु आदिका किरात संस्कार, साकेला संस्कृति, किरात खानपान, पाहुना सत्कार, कचुर काट्ने, सायारेम्मा, किरात समुदायमा सुप्तुलुङको महत्त्व, किरातहरूमा रहेको साया, आत्मा र प्रकृतिप्रतिको आस्था आदि विषयको चित्रण पाइन्छ ।*

**शब्द कुञ्चिका :** किरात सभ्यता, मुन्दुम, चौतारो संस्कृति, नोक्छुङ, कचुर, रिसिया

**परिचय**

नेपाली साहित्यमा जातीय, क्षेत्रीय, भाषिक, लैङ्गिक आदिका अधिकार र पहिचानको विषय सशक्त रूपमा आएको छ । २००७ सालको जनआन्दोलनसँगै नेपाली साहित्यका कविता, कथा, उपन्यास विधामा किरात संस्कृतिले प्रवेश पाएको पाइन्छ । यसमा पनि विशेषतः उपन्यासमा किरात समाज र संस्कृतिको विषयलाई स्थान दिइएको पाइन्छ । बहुदलीय व्यवस्थाको पुनर्स्थापना (२०४६ साल) पछि आएको जागरणसँगै भूपाल राई, देश सुब्बा, श्रवण मुकारुङ लगायतका कविहरूले किरात संस्कृतिलाई साहित्यमा प्रयोग गर्न थालेको पाइन्छ । नेकपा (माओवादी) को नेतृत्वमा भएको सशस्त्र जनयुद्ध (२०५२–२०६२) का क्रममा विभिन्न जातीय तथा क्षेत्रीय मुक्ति मोर्चाहरूको स्थापना भयो । यही सेरोफेरोमा विशेषगरी किरात कविहरूले साहित्यमा नयाँ नयाँ आयामको खोजी गर्न थाले । यही परिवेशमा सिर्जनशील अराजकता, उत्तरवर्ती सोच, रङ्गवाद, भयवाद जस्ता साहित्यिक आन्दोलनहरू भए । यी आन्दोलनका अभियन्ता तथा समर्थकहरूले जातीय पहिचानका लागि किरात विषयको प्रयोगलाई बढवा दिन थालेको पाइन्छ । यस अभियानमा उपेन्द्र सुब्बा, हाङयुङ अज्ञात, राजन मुकारुङ, पुष्प सुब्बा थाम्सुहाङ, धर्मेन्द्र नेम्बाङ जस्ता कविहरू सहभागी भएको पाइन्छ । विसं. २०६२-६३ को जनआन्दोलनपछि जातीय तथा भाषिक अधिकारको विषय सशक्त रूपमा उठ्न थाल्यो । यससँगै नेपाली साहित्यमा किरात पहिचान, अधिकार आदिका विषयले साहित्यमा पनि प्रश्रय पाउन थालेको पाइन्छ । यसपछि साहित्यका हरेक विधामा किरात पहिचान, अधिकारका विषयमा आख्यान, कविता, नाटक आदि लेखिन थाले । देश सुब्बा, राजन मुकारुङ, युग पाठक आदिका उपन्यासमा यो विषय सशक्त रूपमा मुखरित भयो भने यसको सशक्त अभिव्यक्ति कवितामा हुन पुग्यो । यस क्रममा रक्ष राईको सालिक उभिएर गोर्खाली (२०६५), देवेन्द्र खेरेसको रुङरीको बयान र नदी किनारा (२०६५), एमसी सुमितको नयाँ क्षितिजको खोजी (२०६६), भगवान चाम्लिङको म जस्तै मेरा कविताहरू (२०६६), धनराज राईको सुस्केराभित्र अलिकति गाउँको मुस्कान (२०६६), भूपाल राईको सीमान्त सौन्दर्य (२०६७), इन्द्र नारथुङेको सिम्माको नाममा नयाँ चिठ्ठी (२०६७), भोगेन एक्लेको विरुद्धमा

(२०६७), विष्णु राईको खियामाको नीलो आकाश (२०६८), टीका चाम्लिङको मुन्दुम र मालिङ्गो (२०७१), चन्द्र रानोहँछाको थिबिया चराको गीत (२०७१), अर्जुन खालिङको गोयाङको सुगन्ध (२०७१), भूपाल राईको आगोले जन्मोत्सव मनाउँदैन (२०७२), सोनाम सज्जन किरातीको 'नपुंसक स्वर्गको विरुद्ध आगो' (२०७२), कलाड (नारद हार्तम्छाली) को साम्बुड (२०७३), विक्रम सुब्बाको रोज्जा कविता (२०७४), मुक्तान थेवाको अखण्ड आलाप (२०७५), डी. अनुरागीको 'विसङ्गतिको धारले रेटिएका फूलहरू' (२०७५), भूपाल राईको सेवान्ने जिन्दगी (२०७६) आदि किरात कविहरूका कविता सङ्ग्रहमा समाविष्ट कविताहरूमा किरात विषयले सशक्त अभिव्यक्ति पाएका छन् । यही निरन्तरतामा विष्णु राईको उत्तरवर्ती कविता सङ्ग्रह सूर्य गिरफ्तार (२०७७) प्रकाशित भएको छ ।

विष्णु राई (वि.सं. २०१२) खोटाङ जिल्लाको चिप्रिङ गाउँका साहित्यका कथा र कविता विधाका स्रष्टा हुन् । मानवशास्त्रमा विद्यावारिधि गरी प्राध्यापन पेसामा कार्यरत राईका साहित्यिक कृतिका अतिरिक्त समाजशास्त्र तथा मानवशास्त्र विषयक कृति प्रकाशित छन् । उनको माला (२०३६), परपर (२०५५), र अटोग्राफ (२०७१) कथा सङ्ग्रह, मान्छे (२०५३), कारागारभित्रको जून (२०५६), खियामाको नीलो आकाश (२०६४) र सूर्य गिरफ्तार (२०७७) कविता सङ्ग्रह प्रकाशित छन् । उनको किरात सभ्यता : उँधौली उँभौली (२०७०), सोसिओपोलिटिकल एन्थ्रपोलजी र नेपाल (सन् २००७), थिअरेटिकल पर्स्पेक्टिभ अभ् सौसिअलजी एन्थ्रपोलजी (सन् २००६) नेपाली कल्चर एन्ड सोसाइटी (सन् २०१२) जस्ता कृतिहरू प्रकाशित छन् । उनका फुटकर रचनाहरूका साथै 'भेट' र 'मेमोरी' नामका गीति एल्बम पनि प्रकाशित छन् । प्रस्तुत लेखमा उनको सूर्य गिरफ्तार (२०७७) कविता सङ्ग्रहमा सङ्ग्रहीत किरात सभ्यतासँग सम्बद्ध कविताहरूको विश्लेषण गरिएको छ ।

## शोध विधि

प्रस्तुत अनुसन्धानात्मक लेखमा राईको सूर्य गिरफ्तार (२०७७) कविता सङ्ग्रहमा समाविष्ट किरात जातिको सामाजिक तथा सांस्कृतिक सन्दर्भको वर्णन गरिएको छ । यस अध्ययनको प्राथमिक स्रोत सूर्य गिरफ्तार कविता सङ्ग्रहमा सङ्ग्रहीत कविताहरू हुन् । किरात सभ्यताका बारेमा प्रस्तुत भएका टिप्पणीलाई द्वितीयक स्रोतका रूपमा ग्रहण गरिएको छ । प्रस्तुत लेखमा किरात सभ्यता र संस्कृति सम्बद्ध कविताहरूको वर्णन एवं विश्लेषण गरी निष्कर्ष प्रतिपादन गरिएको छ ।

## सैद्धान्तिक आधार : किरात सभ्यता

किरात नेपालको प्राचीन जाति र एउटा पृथक सभ्यता हो । किरातका बारेमा हिन्दू आदिग्रन्थ ऋग्वेदमा चर्चा गरिएको छ । ऋग्वेदकालीन शम्बर किरातले दिवोदाससँग ४० वर्षसम्म लडाइँ गरेको चर्चा पाइन्छ (प्रपन्नाचार्य, २०५१, पृ. २२–२४) । हिन्दू ग्रन्थहरू ऋग्वेद, यजुर्वेद, स्मृति, ब्राह्मण ग्रन्थ र पुराणमा किरात जातिबारे उल्लेख भएको बताइन्छ । स्कन्दपुराणको महेश्वर खण्डमा किरात राजा विजयको 'जय' नाम गरेको राज्यमा एक लाख पचास हजार गाउँ रहेको उल्लेख छ । वायुपुराण, पद्मपुराण, मत्स्यपुराण, लिङ्गपुराण, मार्कण्यपुराण, विष्णुपुराण, ब्रह्मपुराण आदिमा जम्बुद्वीपको पूर्वभागमा किरात रहन्छन् भनी उल्लेख गरिएको छ । कौटिल्यको अर्थशास्त्रमा किरातहरू गुप्तचर तथा राजदरवारभित्र भान्सामा नियुक्त थिए भन्ने उल्लेख पाइन्छ भने प्राचीन ज्योतिष ग्रन्थमा शस्त्र प्रयोग गरेर जीविका चलाउने जातिका रूपमा किरातहरूको परिचय दिइएको छ (प्रपन्नाचार्य, २०५१, पृ. ६-१२) ।

वैदिक कालभन्दा पूर्व पनि अगाडिको सिन्धुघाँटीको मोहेन्जोदाडो र हडप्पा सभ्यताका निर्माता प्राचीन किरातीहरू थिए । सिन्धुघाँटी सभ्यताका सुन्दर पोखरी, स्नानगृह, मन्दिर, सहर, शिक्षालय र सूचना

केन्द्रहरूका रूपमा रहेका 'हरप्पा, मोहेन्जोदाडो, कुन्हुदडो, झुकरदडो, नालन्द' जस्ता सहरहरूको नाम किरात भाषाबाट राखिएको हो (चोङवाङ, २०६२, पृ. ३३–३४) । कतिपय विद्वानहरूले भारत, चीन, मङ्गोलिया, नेपाल, बर्मा लगायतका मध्य तथा दक्षिण पूर्व एसियाका गैरआर्य जातिलाई किरात भनेको पाइन्छ भने अर्कोथरि विद्वानहरूले नेपालका राई, लिम्बू, याक्खा, सुनुवार आदि जाति विशेषलाई मात्र किरात मानेका छन् । कतिपयले महाभारत, पुराणहरूलाई आधार मानेर अफगानको पामिर पठानदेखि पूर्वमा कम्बोडियासम्मको हिमालय क्षेत्रलाई किरात भूमि मान्दै प्राचीन कालमा यो सिङ्गो क्षेत्र एउटै किरात अधिराज्यका रूपमा रहेको बताएका छन् (अर्जेल, २०४२, पृ. ३) । नेपाल तथा भारतका कतिपय विद्वानहरूले नेपालका मगर, गुरुङ, तामाङ लगायत भारतका प्राचीन गैरआर्य जातिलाई किरात भनेको पाइन्छ । आगो, धुँवा, बाटो, रूख, काठ, माछा, मासु, आँखा, आमा, धनु काँड, कुकुर, गाई, बाख्रो आदि शब्दमा राई, लिम्बू, नेवार, मगर, गुरुङ, तामाङ, लेप्चा, सुनुवार, चेपाङ आदि भाषामा पाइने समानताका आधारमा यी जातिहरूलाई एउटै वर्गमा राख्न सकिने तर्क पनि पाइन्छ (अधिकारी, २०५७, पृ. १४१–१४२) । यसरी 'किरात' शब्दले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा छरिएर बसेका मङ्गोलियन नस्लका विविध जातिलाई जनाउने गरिए पनि नेपालका सन्दर्भमा राई, लिम्बू, सुनुवार, याक्खा, धिमाल, दनुवार, जिरेल, थामी र हायूलाई किरात भनिन्छ । यीमध्ये पनि राई, लिम्बू, सुनुवार र याक्खाले मात्र आफूलाई किरात भन्ने गरेका छन् (राई, २०६४, पृ. १–२) ।

किरात सभ्यतालाई प्राचीन सभ्यताका रूपमा लिइन्छ । केही विद्वानहरूले किरातहरू भूमध्यसागरीय क्षेत्रका जाति थिए र उनीहरू ईपू. २४०० तिर त्यहाँबाट विस्थापित भई असिरिया पुगे । तिनै किरातहरूको एउटा शाखा आर्यहरू आउनु अगावै इरानको बाटोबाट पश्चिम भारतमा आइपुगे र हिमालय क्षेत्रमा बसोबास गर्न थालेका हुन् (पाण्डे र रेग्मी, २०५४, पृ. ३५) । महाभारतमा उल्लेख भएअनुसार प्राचीन कालमा मिथिला र नेपालका बिचको विशाल भूमिमा किरातहरूका ७ वटा अधिराज्य थिए र आर्य शासकको पन्जामा पर्नु अघि नेपाल र मिथिला दुबै क्षेत्र किरातहरूका राजनीतिक तथा सांस्कृतिक केन्द्र थियो भन्ने सूचना पनि उपलब्ध छ । शुक्ल यजुर्वेद र अथर्व वेदले किरातहरू पूर्वीय हिमालका गुफा तथा पर्वतमा बसोबास गर्ने उल्लेख गरेको र वाल्मीकि रामायणमा किरातहरूका उत्पत्ति, घर, शारीरिक विशिष्टता आदिको वर्णन गरिएकाले किरात जाति हिमाली क्षेत्रका पुराना बासिन्दा भएको पुष्टि हुन्छ (सिंह, ई. १९९०, पृ. ११–१४) । भरतमुनिको 'नाट्यशास्त्र' (ईपू. २०० तिर) मा किरातहरूको प्रकृत भाषासम्बन्धी वर्णन पाइन्छ । त्यस्तै कालिदास (ई. ३८०–४१३) को 'कुमार सम्भवम्' र 'रघुवंश' कृतिमा पनि किरात जातिबारे चर्चा गरिएको छ । 'कुमार सम्भवम्' मा किरातीहरूलाई पहाड, पर्वत तथा जङ्गलमा बसोबास गर्ने जङ्गलका आदिबासीका रूपमा वर्णन गरिएको छ (सिंह, ई. १९९०, पृ. १८) । किरात वंशावलीमा बुढीआमालाई आसाम छाडेर पश्चिम लागेका तीन छोरामध्ये जेठो सुनकोसी र अरुण बिचमा बस्यो (राई), माइलो अरूण पूर्व तर्फ लाग्यो । यसरी किरात सभ्यता नेपालको प्राचीन सभ्यताका रूपमा रहेको पुष्टि हुन्छ । कलियुगको आरम्भमा हिमाल पहाडको काखमा घना जङ्गल रहेको भूमि (नेपाल) मा गोपालहरूको बस्ती बस्यो । गोपाल वंशका ८ जना राजाले ५०५ वर्ष ३ महिना राज्य गरे । त्यसपछि महिषपालवंशीहरू आए र यस वंशका तीनजना राजाले १६१ वर्ष २ महिना शासन गरे । महिषपालवंशी राजालाई हराउँदै फेरि किरातवंशी राजा आए । किरातवंशका जम्मा ३२ जना राजाले १९७७ वर्ष ८ महिना राज्य गरे (रेग्मी, २०६०, पृ. १–२) किरातवंशका कति जना राजाले नेपाल उपत्यकामा राज्य गरे भन्ने विषयमा इतिहासकारहरूमा मतैक्य भने छैन । केही विद्वानहरूले ३३, कसैले ३२ र कसैले २९ जना किराती राजाले नेपाल उपत्यकामा शासन गरेको बताएका छन् । भाषा वंशावलीअनुसार २८ किरात राजाहरूले कुल १७४१ वर्ष राज्य गरे । कर्कप्याट्रिकको परम्परामा २७ जना राजाहरूको नाम सूची दिइएको छ र एकजनाको शासनकाल अज्ञात भनिएको छ । सङ्ख्यामा विवाद भए पनि प्रथम किराती

राजा यलम्बर र अन्तिम किराती राजा गस्ती थिए भन्ने कुरामा भने धेरैको मतैक्य देखिन्छ । प्रथम किराती राजा यलम्बरको राज्य पश्चिममा त्रिशुली, पूर्वमा टिस्टा र दक्षिणमा मोरङसम्म फैलिएको थियो (सिंह ई.१९९०, पृ. ३१) । यसरी प्राचीन रूपमा रहेको किरात सभ्यताको मूल केन्द्र पूर्वी नेपाल रहेको छ । यस अध्ययनमा साहित्यकार विष्णु राईको सूर्य गिरफ्तार (२०७७) मा वर्णित कवितामा किरात सभ्यता र संस्कृति विषयको चर्चा गरिएको छ ।

### कविताको विश्लेषण

सूर्य गिरफ्तार कविता सङ्ग्रहमा जम्मा ६० ओटा कविता समाविष्ट छन् । तीमध्ये 'पागल बाघ', 'हबलदार जीवनेम्पाको चौतारा', 'नमस्ते सिंहदरबार', 'जुलुसमा जान्छु जान्न', 'लोकेम्पा जेल गयो', 'मुखिताङको धामी र बिरामी', 'हजुरसँग', 'यलुङको नयाँ फोटो', 'कसले नाम राख्यो लाहुरेफूल ?', 'राजाको दरबार', 'किन रिसाए कवि ?', 'जितेदस्तीको पुरानो धनु', 'आदिवासी रामप्रसाद राई', 'सिकारी लिमचिम्केम्पा' तथा 'जेठा बलिहाङ उठेन' जस्ता कविताहरू प्रकाशित छन् । यी कविताहरूमा किरात जातिको इतिहास, संस्कृति, राजनीति र मिथक विषय एवम् बिम्बहरूको प्रयोग गरिएको छ ।

### कवितामा संस्कृति

'हबलदार जीवनेम्पाको चौतारा' शीर्षक कवितामा किरात जातिमा प्रचलित चौतारा संस्कृति र पहिलो तथा दोस्रो युद्धमा किरात योद्धाहरूले देखाएको बहादुरीको विषयलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ, जस्तै :

> विश्वयुद्धको सिपाही : हबल्दार वरदान किराती
> जन्म : वि.सं १९७२ वमाटेम्मा
> मृत्यु २०७३ साल भाद्र ५ गते
> निर्माण मिति : २०७३ साल भाद्र ७
> बर्माको लडाइँमा प्राप्त पदक र कथाहरू
> स्मृति बनाउने श्रीमती जीवनेम्मा
> चौतारोबाट उँभो सावातर्फ जाँदै छ
> कोही बिसाएर तल खोलातर्फ झर्दैछ (पृ. ४३) ।

यस कविताले किरात समुदायमा प्रचलित चौतारो संस्कृतिको चित्र उतारेको छ । किरात समुदायमा मृतकका नाममा चौतारो बनाउने चलन छ । चौतारोमा मृतकका नामको शिलालेख राखिन्छ । यहाँ खोटाङको दक्षिण भेग सावाखोला क्षेत्रका वरदान किरातीको सम्झनामा बनाइएको चौताराको विषय उल्लेख गरिएको छ । बर्माको लडाइँमा पदक पाएका उनको स्मृतिमा उनकी पत्नी जीवनेम्मा (जीवनकी आमा) ले चौतारो बनाएको उनी उँभोतिर लागेकी र कोही बटुवा त्यही चौतारामा बिसाएर तल सावाखोलातिर झर्दैगरेको बिम्बमार्फत यसमा किरात सभ्यताको एउटा चित्र उतारिएको छ ।

'लोकेम्पा जेल गयो' शीर्षक कवितामा किरात भूमिमा आर्यहरू शरणार्थीका रूपमा आएर किरात भूमि हात पारेको परिदृश्यको चित्रण गरिएको छ भने अर्कोतर्फ पृथ्वीनारायणका उत्तराधिकारीहरूद्वारा किरात परम्पराअनुसार विवाहमा बन्दुक पड्काएर उत्सव मनाउँदा राज्य विद्रोहको अभ्यास गरेको भनी जेल हालेर उसको हत्या गरेको घटनाको सङ्केत गरेका छन् ।

> उहिले हाम्रो थातथलोमा

प्राचीन पुर्खाहरू थिए
रङ्गीचङ्गी चराहरू थपिँदै आए
एक बोतल रक्सीमा पुर्खाले
लहराले जेलेसम्म खानु भनेर दिए (पृ. ५७)

यहाँ एक बोतल रक्सीमा लहराले जेलिए जति जमिन दिँदै जाँदा किरातहरूको जमिन गुम्दै गएको र पछि आउने आर्य मूलका मानिसहरूसँग जमिन बढ्दै गएको भनिएको छ । त्यस्तै यस कवितामा किरातीहरूको संस्कृतिमाथि भएको हस्तक्षेपको पनि चित्रण गरिएको छ :

लोकेम्पा छोराको विवाह साइतमा जेल गयो
बन्दुक पड्काउँदा
प्रतिवाद गर्दा नेपाल लगेर उतै सिध्यायो
लोकेम्पाले खुब जिद्दी गरे
यो भूमिमा हाम्रो इतिहास छ
बन्दुक पड्काउनु मेरो धर्म
परम्परा हो
जिकर गर्दा लोकेम्पाको ज्यान गयो
नानीहरूलाई फकाउन कथा
बजूहरूले उहिले सुनाउनुहुन्थ्यो (पृ. ५८)

किरातहरू उत्सव समारोहमा धेरै बन्दुक पड्काएर उमङ्ग मनाउथे र मृत्युमा एकनाल मात्र बन्दुक पड्काएर शोक मनाउँथे । यही परम्परा शासक वर्गका लागि विद्रोहको रूपमा लिइयो र उत्तरार्धमा बन्दुक पड्काउने परम्परालाई प्रतिबन्ध लगाइयो । यसबाट किरात संस्कृतिमाथि अतिक्रमण भयो । यसरी नै किरातीको जमिनमात्र होइन संस्कृतिमाथि पनि हस्तक्षेप भएको छ भन्ने विषयमा प्रस्तुत कविता केन्द्रित रहेको छ । यसले किरात सभ्यताको प्राचीनतालाई बोध गराउँछ ।

'मुखिताङको धामी र बिरामी' शीर्षक कवितामा किरात इतिहास तथा संस्कृतिको बिम्ब उतारिएको छ । किरात संस्कृतिमा नोक्छुङ अर्थात् किरात पुजारीले गर्ने अनुष्ठानको विषयलाई यसमा सुन्दर तरिकाले प्रस्तुत गरिएको छ । किरात नोक्छुङले कचुर काटेर जोखाना हेर्ने सन्दर्भलाई यसरी लेखिएको छ :

मुखिताङको नोक्छुङले
कचुर जोखाना हेरेर
मुन्दुमी रिसिया गाउँछ
माछाकुम्मा तपाईंको सन्तानलाई हात थाप
सातो समातेर कानमा हाल्छ
ढोलको तालमा उफ्रँदै भन्छ : सायारेम्मा गर्नुपर्छ
बिरामीलाई कुटे पनि केही हुँदैन
कालो भालेको रगतले मुर्कट्टा छेक्छु (पृ. ७७) ।

यहाँ नोक्छुङले कचुर हेरेर मुन्दुमी रिसिया गाएको, माछाकुम्माले बिरामी बालकको हात थापेको, नोक्छुङले साया समातेर बिरामीको कानमा हालेको, नोक्छुङले ढोलको तालमा उफ्रँदै सायारेम्मा गर्नुपर्छ

भनेको र सायारेम्मा गरेपछि बिरामी दीर्घजीवी हुने र कालो भालेको भोगले हिलावा छेक्छु भनेको सन्दर्भ आएका छन् । यी सन्दर्भ तथा क्रियाकलापले किरात जातिको परम्परा तथा विश्वासलाई बुझाउँछ । किरात संस्कृतिमा मुन्दुमी रिसियाको ठूलो महत्त्व छ । मानिस बिरामी हुँदा मुन्दुमको रिसिया वाचन गरेर उपचार गरिन्छ । किरात समुदायमा नोक्छुङले उपचारको काम गर्छन् । यिनै विषयहरूलाई काव्यात्मक रूपमा प्रस्तुत गरिएको छ ।

'हजुरसँग' मा किरात संस्कृतिको चित्रण गरिएको छ । किरात समुदायमा सुप्तुलुङको ठूलो महत्त्व छ । सुप्तुलुङ आगोको प्रतीक हो र यसले मानिसलाई नभई नहुने खानेकुराको विषयलाई पनि प्रतिनिधित्व गर्छ । किरातहरू कुनै अलौकिक देवीदेवताप्रति विश्वास गर्दैनन् । उनीहरूको देवता भनेका पितृ र प्रकृति हुन् । सुप्तुलुङ पितृहरूलाई सम्झने मूल स्थान हो । त्यही कुरालाई यस कविताले सङ्केत गरेको छ :

> मुलीको चुला अन्यले छुन नहुने
> नभए चुला रिसाउला
> भल पहिरो जीवनमा जाला
> देउता हुनलाई मसँग देवताको धीर छैन
> हजारौं हात मुख छैन
> या त बुझेर मलाई केही बनाइरहेछौ
> मसँग बुझ्ने कुदृष्टि छैन (पृ. ८६) ।

प्रस्तुत गद्यांशले किरात परिवारमा घरमूलीको नाममा सुप्तुलुङ राखिने सन्दर्भलाई सङ्केत गरेको छ । उक्त सुप्तुलुङ अन्य जातिका मानिसहरूले छुन नहुने भनेर घरका मूल मान्छे वा नेतृत्वप्रतिको विश्वास र मर्यादाको पालनालाई जोड दिने किरात मान्यतालाई प्रस्तुत गरिएको छ । घर वा समाजका अगुवाको मर्यादा राख्न सकिएन भने सुप्तुलुङ रिसाउँछ अर्थात् पितृहरू खुसी हुँदैनन् भन्ने किरात विश्वास रहेको छ । पितृ रिसाउँदा जीवनमा अनिष्ट हुन्छ भन्ने किरात विश्वास प्रकट भएको छ । यहाँ 'देउता हुनलाई मसँग देवताको धीर छैन, हजारौं हात मुख छैन' भनेर कुनै अलौकिक देवीदेवताप्रति विश्वास छैन भन्न खोजिएको छ । क्रिस्चियन, बौद्ध र मुस्लिम धर्मले अलौकिक शक्तियुक्त पुरुषको धार्मिक वचनलाई ईश्वरको उपमा दिइएको पाइन्छ । प्रायः हिन्दू धर्मले अलौकिक देवीदेवता, स्वर्ग, नर्कको परिकल्पना गर्छन् । हिन्दू विश्वासमा देवीदेवता भन्नासाथ हजारौं हात भएको, अलौकिक शक्ति भएको, कहिल्यै नमर्ने विश्वास गरिन्छ । तर किरात समुदायमा त्यस्तो विश्वास गरिँदैन । किरातहरूका पितृहरू नै किरातहरूका आस्थाका केन्द्र मानिन्छन् भन्ने विषयलाई यहाँ प्रस्तुत गरिएको छ । यसका साथै किरातहरूमा कुनै कुदृष्टि हुँदैन अर्थात् मानिस बिच भेदभावको प्रवृत्ति हुँदैन भन्ने विचार प्रस्तुत गरिएको छ ।

'सिकारी लिमचिम्केम्पा' शीर्षक कवितामा नोक्छुङमाले जोखाना हानेर भनेको कुरालाई यसरी प्रस्तुत गरिएको छ :

> लिमचिम्केम्पा सिकारी भएछ
> उँभौलीमा भोग दिनुपर्छ
> नत्र चौपायामा मुटु वाण हानेर सिध्याउँछ
> लिमखिमको जेठाले सुनायो मेलोमा (पृ. १६६)

लिमचिम्केम्पा भनेको व्यक्तिलाई बुझाउने नाम हो । किरात समुदायमा छोराछोरीको नामबाट बाबुआमाको नाम बोलाउने चलन पनि छ । यहाँ लिमचिम्केम्पा भनेको लिमचिमको बाबु भन्ने हुन्छ ।

चाम्लिङभाषामा पापा भनेको बाबु हो, लिमचिमको पापा भन्ने अर्थमा लिमचिम्केम्पा भनिएको हो । प्रस्तुत कवितांशमा लिमचिम्केम्पा सिकारीको जुनीमा प्रवेश गरेको हुँदा उसलाई उँभौलीमा भोग दिएर खुसी मनाउनु पर्ने नत्र उसले चौपायालाई दुःख दिने सन्दर्भ आएको छ । यसरी प्रस्तुत कवितामा किरात विश्वास, परम्पराको चित्रण गरिएको छ ।

**कवितामा इतिहास**

'राजाको दरबार' शीर्षक कवितामा कविले मध्यकालीन पूर्वी नेपालको खोटाङ जिल्लामा रहेको खोटेहाङ राजाको विषय प्रस्तुत गरेका छन् । पृथ्वीनारायणका सेनाहरूबाट खोटेहाङ राजा पराजित भएपछि उनको दरबारका बहुमूल्य वस्तुहरू लुटिएको सन्दर्भलाई उल्लेख गरिएका छन् :

पुरानो दरबारबाट मूल्यवान् वस्तु खनेर लगेको
कथा भर्खर यहीँ सुनेँ राजा
जङ्गली फूल टिपेर हुल्लुङ नाच्दा
बुवाँ खोलाको नाम राखेको यहीँ सुनेँ (पृ. १३८) ।

खोटेहाङको दरबारबाट बहुमूल्य वस्तु लगेको सन्दर्भका साथै जङ्गली फूल टिपेर हुल्लुङ (साकेला नाच) नाचेको र बुँवा खोलाको नाम राखेको जनश्रुतिलाई प्रस्तुत गरिएको छ । बुँवा खोला खोटाङ जिल्लाका दक्षिण क्षेत्रमा रहेको खोलाको नाम हो । यसले खोटाङ जिल्लाका खोलानाला, पहाड, गाउँ, बस्तीहरूको नाम किरात इतिहास, संस्कृतिसँग सम्बन्धित छन् भन्ने कुरालाई सङ्केत गरेको छ ।

किरात सभ्यतासँग जोडिएको मुन्दुमको सन्दर्भ यस सङ्ग्रहका विभिन्न कवितामा आएको छ । त्यसरी नै किरात सभ्यताको आदि पुर्खाका रूपमा चिनिने तयामा, खियामा आदिको सन्दर्भ पनि प्रस्तुत गरिएको छ ।

'जेठा बलिहाङ उठेन' शीर्षक कवितामा किरात नाम, संस्कृतिको सन्दर्भ प्रस्तुत गरिएको छ । कविले नेपालीहरूको तिहार चाडको प्रवर्तक बलिहाङप्रति स्मरण गरेका छन् ।

**कवितामा राजनैतिक परिवेश**

किरातका २८ पुस्ताभन्दा बढी राजाहरूले केन्द्रीय सत्ताको वागडोर समालेका थिए । त्यसमध्ये एक जना चर्चित राजा जितेदस्ती पनि हुन् । त्यही सन्दर्भलाई 'जितेदस्तीको पुरानो धनु' शीर्षक कवितामा सङ्केत गरिएको छ :

माछाकुम्मा/माछाकुप्पालाई
नौसिङ्गे भाले चढाएर भन्यो :
पुर्खा दशा टारिदिनोस्
काठमाडौंको दरबार बस्नेले देखिसक्दैन
छल गरेकै हो चित्त मान्दैन
युद्धमा जान बाध्य बनायो (पृ. १८७)

यस कविताले काठमाडौंको सत्ताले यहाँका किरात जाति र गरिबहरूमाथि दमन गर्छ र त्यसका विरुद्ध सङ्घर्ष गर्न आवश्यक छ भन्ने भाव व्यक्त गरिएको छ । यस सन्दर्भमा माछाकुम्मालाई नौसिङ्गे भाले चढाएर दशा टारिदिनोस् भनी प्रार्थना गरेको सन्दर्भ आएको छ । नौसिङ्गे भाले चढाएर पितृसँग बल माग्ने विषय किरात संस्कृतिमा आधारित छ ।

'आदिवासी रामप्रसाद राई' शीर्षक कवितामा नेपालका आदिवासीको संस्कृतिमाथि हिन्दू संस्कृतिबाट अतिक्रमण भएको विषयलाई सङ्केत गरिएको छ :

मान्छे एकातिर नाम अर्कोतिर
धर्म एकातिर नाम अर्कोतिर
अनेक गर्दा जिन्दगी नामले धोका पाएको
ठहर काट्यो
षडयन्त्र नहुनुपर्ने लख काट्यो (पृ. १६१)

नेपालका आदिवासीको नाम राम, कृष्ण, सीता आदि हुने गरेको छ । यी नाम आदिवासीको धर्म, संस्कृति, परम्परासँग सम्बन्धित होइनन् । यी नाम हिन्दू देवी देवताका नाम हुन् । त्यसैले नेपालका आदिवासी जनजातिको धर्म, संस्कृति, परम्परामाथि हस्तक्षेप भएको छ । यसरी मान्छे एकातिर नाम अर्कोतिर, धर्म एकातिर नाम अर्कोतिर छ र यहाँका आदिवासीहरूमाथि दमन, धोका भएको छ भन्ने यस कविताको आशय रहेको छ ।

'पागल बाघ' शीर्षक कवितामा नेपालमा भएको राजनीतिक परिवर्तनबाट लक्षित वर्ग/आन्दोलनमा संलग्न भएको वर्ग सधैँ उपेक्षित र पीडित भएको चित्रण गरिएको छ । नेपालको हरेक परिवर्तनपछि नयाँ रूपमा शासक वर्गले नै फाइदा लिने र आम जनताहरू भने पीडित रहेको अवस्थाको चित्रण गरिएको छ । यस क्रममा लेखिएको छ :

तिमीले चिनेका कमरेडहरू
युद्धमा हिगेल, मार्क्स, लेनिन, ह्युगो, कोन्फिसियस्
अन्तोनियो ग्राम्सी, गान्धी, महाभारत, मुन्दुम
माओ, डारिडा, लौहपुरष, मण्डेला, कुरान पढे
अहिले भविष्य खोज्न खाडी मुलुक गएका छन् (पृ. १५) ।

यस कवितांशले जनयुद्धका योद्धाहरूले मार्क्सवाद, लेनिनवाद, माओ विचार, गान्धीमार्ग, पूँजीवादी सिद्धान्त र इतिहास पढेका छन् । उनीहरू नेपाली जनताको मुक्तिका लागि युद्धमा सहभागी भएको तर युद्धपछि भने वास्तविक योद्धा खाडी मुलुकमा काम खोज्न विवश भएको सन्दर्भ प्रस्तुत गरिएको छ । यस कवितांशमा उल्लेख भएको मुन्दुम शब्दले किरात सभ्यताको सन्दर्भलाई बुझाउँछ । मुन्दुम किरात जातिमा प्रचलित इतिहास तथा संस्कृतिसँग सम्बन्धित श्रुति ग्रन्थ हो । यस कवितांशमा विश्व इतिहासका विभिन्न व्यक्ति तथा सभ्यताको उल्लेख गर्ने क्रममा मुन्दुमको पनि उल्लेख गरिएको छ । यसबाट मानव सभ्यताको विकासमा किरात सभ्यताको पनि अलग्गै अस्तित्व छ भन्ने कुराको पुष्टि हुन्छ ।

'नमस्ते सिंहदरबार' शीर्षक कवितामा नेपालको शासन व्यवस्थाको बिम्ब उतारिएको छ । नेपालका शासक वर्गको प्रतिनिधिहरू मन्त्री, सांसद, जिल्ला सभापति, क्षेत्रीय सदस्य र प्रधानपञ्चहरूको स्वागतमा तीनपाने रक्सी र भालेको भोज दिइएको र उनीहरूको उपस्थितिमा साकेला नाचेर स्वागत गरिएको परिवेशको चित्रण गरिएको छ । यस कवितामा किरात संस्कृतिको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

तिमीलाई भोट हालेर नाचेकै हो
तीनपाने र नौसिङ्गे भालेले भोग चढाएकै हो (पृ. ४६) ।

यहाँ किरात संस्कृतिको बिम्ब प्रस्तुत गरिएको छ । नेपालको शासनको केन्द्र सिंहदरबारलाई सम्बोधन

गर्दै नेपालका शासकको चरित्रप्रति व्यङ्ग्य र आक्रोश व्यक्त गरिएको यस कवितामा तीनपाने अर्थात् रक्सी र नौसिङ्गे भाले जस्ता किराती खानपान संस्कृतिका बिम्बहरूको प्रयोग गरिएको छ । किरात संस्कृतिमा रक्सी र कुखुराको ठूलो महत्त्व छ । किरातीहरू जन्म, विवाह, मृत्यु लगायतका संस्कारमा र पाहुनाहरूको स्वागतमा पनि रक्सी र कुखुराको प्रयोग अनिवार्य हुन्छ । त्यही सांस्कृतिक बिम्बलाई यस कवितामा नेपालको शासन व्यवस्थाको चित्रणका सन्दर्भ पनि प्रयोग गरिएको छ । यसबाट कविमा आफ्नो जातीय सभ्यता र संस्कृतिको गहिरो अध्ययन छ र उनी त्यसलाई गहन रूपमा आत्मसात् गर्छन् भन्ने कुराको पुष्टि हुन्छ ।

'जुलुसमा जान्छु जान्न' शीर्षक कविता नेपालको शासन व्यवस्था र समकालीन नेपालको यथार्थको चित्रणमा केन्द्रित छ । यस क्रममा नेपालको प्राचीन इतिहासको सन्दर्भ प्रस्तुत गरिएको छ :

हेर्छु अनुहार उनीहरूकै जस्तो छैन
मन ठ्याक्कै सेतो छैन
सिल्पटहरूको सभामा
जान्छु जान्न
गएछु भने
यलम्बरको धनु लिएर जान्छु
जसले हार्न जानेको छैन (पृ. ५०)

यहाँ यलम्बरको धनुको सन्दर्भ आएको छ । यलम्बर तत्कालीन नेपालको शक्तिशाली किराती राजा हुन् । नेपालमा किरात वंशको शासन स्थापना गर्ने वीर योद्धा यलम्बरको बिम्ब मार्फत यस कवितामा अन्याय, अत्याचार, बेथिति आदिको अन्त्य गर्नुपर्छ भन्ने भाव व्यक्त गरिएको छ ।

'किन रिसाए कवि ?' शीर्षक कवितामा कविले नेपाली विविध संस्कृति अन्तर्गत हिन्दू संस्कृतिका रामायण, महाभारत, पुराण विषयहरू मात्र विद्यालयमा शिक्षण गरिएको र अन्य जातीय संस्कृतिहरूलाई उपेक्षा गरिएको सन्दर्भ उठाएका छन् । कविले किरातहरूलाई शासक वर्गले हिन्दूकरण गरेको कार्यप्रति रोष व्यक्त गरेका छन् भने नेपालका विद्यालयहरूमा किरात संस्कृतिका पारुहाङ, सुम्निमा, रैछाकुप्पा, तयामा र खियामाका जीवनी पढिनु पर्ने माग राखेका छन् ।

गाओस् त मुन्दुम
मैले गाएकै हो सीताको पाठ
तायामाको पाठ पढोस्
मेरो कविताभित्र गन्ध छ माटोको (पृ. १७५)

नेपाली साहित्यमा रामायण, महाभारत आदिका विषयलाई महत्त्व दिइन्छ । नेपालकी छोरी भनेर सीतालाई प्रश्रय दिइन्छ तर नेपालकै छोरीका रूपमा स्थापित किरात चेली तयामा जसले कपडा बुन्ने कुराको आविष्कार गरी मानवलाई जङ्गली युगबाट सभ्यताको युगमा प्रवेश गराउने कार्यको सुरुआत गरे, उनीहरूको इतिहास र गौरवगाथालाई उपेक्षा गरिएको छ । त्यसप्रति पछिल्लो पुस्ताका कविहरू भने सचेत हुँदै छन् भन्ने विषयलाई यहाँ चित्रित गरिएको छ ।

**कवितामा लाहुरे परम्परा**

'कसले नाम राख्यो लाहुरेफूल ?' शीर्षक कवितामा किराती युवाहरू लाहुरे परम्पराका कारण नेपालको

राज्य सत्ताबाट बहिर्गमनमा पारिएको तिक्त परिवेशप्रति रोष प्रकट गरिएको छ । लाहुर अर्थात् विदेशी सेनामा जान विवश भएर थुप्रै किरातीहरूको पारिवारिक अवस्था लथालिङ्ग भएको सन्दर्भलाई प्रस्तुत गरिएको छ :

तिमी लाहुर नगएको भए
अगतिले एक्लै मोज गर्ने थिएन
मसँग पुर्खाको मुन्दुमी धनु छ (पृ. १३९) ।

यहाँ लाहुर गएर अगतिमा मर्न विवश भएको किरातहरूको अवस्थाको उल्लेख गरिएको छ । साथै यहाँ 'पुर्खाको मुन्दुमी धनु' लाई किरात सभ्यता र इतिहासको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । किरात जातिसँग आफ्नै विशिष्ट परम्परा छ, आफ्नै गौरवपूर्ण इतिहास छ र किरात जातिको विश्वास, परम्परा, मान्यता, दर्शन आदिलाई जोगाएर ल्याएको ज्ञान परम्परा छ र त्यही ज्ञान परम्परा मुन्दुमका रूपमा सुरक्षित छ भन्ने कुरालाई यस कविताले स्पष्ट पारेको छ ।

### कवितामा किरात मिथक

'यलुङको नयाँ फोटो' शीर्षक कवितामा किरात मुन्दुमको उल्लेख गर्दै मुन्दुममा उल्लेख भएको मानव उत्पत्तिको सन्दर्भ प्रस्तुत गरिएको छ । किरात मिथक अनुसार मानिसको उत्पत्तिसँगै बाघ, सिंहहरूको पनि उत्पत्ति भएको थियो । त्यसैले किरातहरू बाघ, सिंह जस्तै बहादुर जाति हुन् भन्ने विश्वास गरिन्छ । त्यही विषयलाई यहाँ यसरी प्रस्तुत गरिएको छ :

तिमी बाघको सन्तान बाघ भएर उठ
सिंहको सन्तान हौ सिंह भएर उठ
समुद्रको सन्तान समुद्र भएर उठ
आगोको शक्ति आगो भएर उठ
मुन्दुमले यसै भन्छ (पृ. १३२) ।

किरात वीर जाति हो त्यसैले बाघ, सिंह, समुद्र, आगो जस्तै शक्तिशाली भएर उठ्नुपर्छ र मुन्दुमले पनि त्यही कुरा भन्छ भन्ने कुरा यहाँ उल्लेख गरिएको छ ।

निष्कर्षतः यस सङ्ग्रहका कवितामा किरात नाम, किरात इतिहास, संस्कार, परम्परा, विश्वास, मूल्य, मान्यता आदिको चित्रण गरिएको छ । यस सङ्ग्रहका अधिकांश कविता किरात सभ्यता, संस्कृति, परम्परा आदिमा केन्द्रित छन् र जीवन जगतको विविध विषयको प्रतिबिम्बनका लागि किराती जातीय बिम्ब, मिथक आदिको प्रयोग गरिएको छ ।

### निष्कर्ष

विष्णु राईका सूर्य गिरफ्तार कविता सङ्ग्रहमा मूलतः किरात जातिका संस्कृति, इतिहास, राजनीति, लाहुरे परम्परा र हिन्दूकरण आदि कथ्य विषयहरूलाई वर्णन गरेका छन् । किरात इतिहासका विभिन्न सन्दर्भ, किरात जातिमा प्रचलित चौतारा संस्कृति, पहिलो तथा दोस्रो युद्धमा किरात योद्धाहरूले देखाएको बहादुरी, किरातहरूको मुख्य भूमिका रूपमा रहेको खोटाङ जिल्लाका विभिन्न स्थान र तीसँग जोडिएका किरातका सन्दर्भहरू, साकेला, तीनपाने, नौसिङ्गे भाले जस्ता किराती खानपान, पाहुनाहरूको स्वागत गर्ने परम्परा, किराती संस्कृतिमाथि भएको हस्तक्षेप, कचुर काट्ने, सायारेम्मा, सुम्लुङको महत्त्व, किरातहरूको पितृप्रति आस्था आदि विषय कवितामा प्रस्तुत भएका छन् । यसमा किरातका जातीय नाम, किरात इतिहास, संस्कार,

परम्परा, विश्वास, मूल्य, मान्यता आदिसँग सम्बन्धित बिम्ब र मिथकको प्रयोग गरिएको छ । किराती बिम्ब तथा मिथकको प्रयोग मार्फत समकालीन यथार्थ, नेपालको सत्ताको चरित्र, मानवीय प्रवृत्ति आदिको चित्रण गरिएको छ । किरात सभ्यताको चित्रणका साथै जीवन जगतको विविध विषयको प्रतिबिम्बनका लागि समेत किराती बिम्ब, मिथक आदिको प्रयोग गरिएको छ । नेपाली कवितामा संस्कृत भाषा र हिन्दू धर्मको एकलौटी प्रभावप्रति असन्तुष्टि व्यक्त गर्दै किरातलगायत नेपालका आदिवासी जनजातिका विषय र बिम्ब पनि नेपाली साहित्यका विषय र बिम्ब हुनसक्छन् भन्ने मान्यताको स्थापनाका लागि यी बिम्ब र मिथकको प्रयोगमा जोड दिएको देखिन्छ । प्रस्तुत कविता सङ्ग्रहमा समाविष्ट उल्लिखित कविताहरू किरात इतिहास, संस्कृति, मूल्य, मान्यता, विश्वासको चित्रणका दृष्टिले महत्त्वपूर्ण छन् । यी कविताका माध्यमबाट किरात सभ्यताको प्राचीनता र गौरव बोध गर्न सकिन्छ ।

## सन्दर्भसूची


अधिकारी, निलमशेखर. (२०५७). *नेपालमा जातीय आन्दोलन.* भोजपुर : कृपासुर सेर्पा ।

अर्जेल, ऋषिराम. (२०४२). *माझकिरात.* भोजपुर : राजेन्द्र प्रधान ।

चोङवाङ, हर्कराज. (२०६२). *मंगोल किरातहरूको उत्पत्ति.* काठमाडौं : भरतमणि चोङवाङ ।

पाण्डे, रामनिवास र रेग्मी, दिनेशचन्द्र. (२०५४). *नेपालको पौराणिक इतिहास.* कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

प्रपन्नाचार्य, स्वामी. (२०५१). *प्राचीन किरात इतिहास.* वाराणसी : किरातेश्वर प्रकाशन ।

राई, चतुरभक्त. (२०६४). *किरात धर्म, संस्कृति र राज्यको पुनः संरचनामा संविधानसभाले सम्बोधन गर्नुपर्ने कुराहरू. सुम्निमा पारुहाङ.* ४(४), १०–२० ।

रेग्मी, जगदीशचन्द्र. (२०६०). *नेपालको वैधानिक परम्परा.* काठमाडौं : तन्नेरी प्रकाशन ।

सिंह, जी.पी. (१९९०). *प्राचीन भारतका किरातहरू* (अनु. टिबी राई). सिक्किम : निर्माण प्रकाशन ।


## पारिभाषिक शब्दावली

कचुर : जोखाना हेर्ने पद्धति
सायारेम्मा : अभिनन्दन, शीर उठाउने रीति
सुप्तुलुङ : चुल्हो
साया : आत्मा, आयु
मुन्दुम : किरात धर्म, संस्कार, संस्कृति सम्बन्धी ग्रन्थ
रिसिया : मन्त्र
नोक्छुङ : किरात जातिको मुन्दुम वेत्ता, विद्
हुल्लुङ : चुलामा पितृहरूको पूजा
बुँवाखोला : खोटाङ जिल्लाको दक्षिणी क्षेत्र स्थित चिसापानी दक्षिणको सुनकोसीमा मिल्ने नदी
तीनपाने : उच्च गुणस्तर भएको रक्सीको प्रकार, पाँच पाने, सात पाने, नौ पाने आदी